# बेनी राजपत्र

बेनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड: १ संख्या: १६ मिति: १ फाल्गुण, २०७५

**भाग-२**


**बेनी नगरपालिकाको**

**पशुसेवा कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७५**

नगर कार्यपालिकाबाट पारित मिति: २०७५/१०/०४

**प्रस्तावना:** नेपालको कृषि प्रणालीमा पशुपंक्षीपालन व्यवसायको महत्व अनादीकाल देखी रही आएको छ । पशुपालन व्यावसायलाइ विविधिकरण, व्यावसायिकरण, आयमुलक तथा सम्मानित पेशाको रुपमा विकास गरी प्रथमत नगरक्षेत्रको उत्पादनमा योगदान पुर्याउदै अन्तत राष्टिय उत्पादनमा योगदान पुर्याउनु यसको मुख्य उदेश्य रही आएको छ । देशले संघियताको अभ्यास गरे संगै यसको कार्यान्वयन र जिम्मेवारीमा केही फेरवदल भएको छ । विगतमा जिल्ला स्थित कार्यालयवाट संचालन हुदै आएका कार्यक्रमहरु अहिले स्थानिय तहवाट संचालन हुदै आएका छन । ग्रामिण समुदायको मुख्य आयआर्जनको श्रोत रहेको पशुपंक्षी पालन व्यावसायलाइ उत्साहित नगरिएमा आगामी दिनहरुमा स्थानिय स्तरमा चाहिने पशुपक्षीजन्य पदार्थको मागलाइ धान्न सकिने स्थिती छैन । यसवाट स्थानिय रोजगारीमा कमी आउन, ग्रामिण अर्थतन्त्र कमजोर हुन, गुणस्तरीय पशुजन्य पदार्थ उपलव्ध नहुने हुँदा जन स्वास्थ्यमा प्रतिकुल असर पर्न जाने हुन्छ । अत: यसलाइ समयमा नै व्यवस्थापन गर्न सम्वन्धीत स्थानिय तह समयमा नै सजग रहनु आवश्यक छ । नगर क्षेत्र भित्र दुध, मासु,अण्डाको माग दिनानुदिन

वढ्दो छ । यसलाइ पुर्ति गर्न उत्पादन वृद्धि संगै प्रशोधन र वजारिकरणको लागी उपयुक्त कृयाकलापहरु संचालन गनर्' पर्ने भएकोले वेनी नगरपालिकावाट आ.व. ०७५/०७६ मा पशुसेवा कार्यक्रम संचालन गर्न विनियोजित रकमबाट संचालन हुने कार्यक्रम स्वीकृत भएकोले साधन श्रोतको उच्चतम प्रयोग गरी पशुपालन क्षेत्रमा बान्छित प्रतिफलहरु प्राप्त गर्न वेनी नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ को अधिकार प्रयोग गरि वेनी नगरपालिकाको मिति २०७४।१०/०४ गते वसेको कार्यपालिका वैठकले यो मार्गदर्शन स्वीकृत गरी लागु गरेको छ ।

**आ.व. ०७५।०७६ मा बेनी नगरपालिका वाट संचालन हुने पशु सेवाका कार्यक्रमहरु**

***१. दुध तथा दुग्धजन्य पदार्थ आत्म निर्भरता कार्यक्रम :***

१.१ पशुपंक्षीको खोर गोठ सुधारमा अनुदान कार्यक्रम

नगरपालीका क्षेत्र भित्र व्यसवसायीक रुपमा पशुपंक्षीपालन गरेका कृषकहरुमध्यवाट निवेदन अनुसारका सर्तहरु पुरा भएका व्यवसायिक फार्म दर्ता गरेका,( चालु आ.व. सम्म नविकरण भएको) विमा गरेका, पंक्षीको हकमाा कम्तीमा ५०० देखी १००० लेयर्स कुखुरा पालन गरेका प्रति कृषक रु. २५०००।०० का दरले बढीमा २० जना, विगतका वर्षहरुमा यस प्रकारका सुविधाहरु नलीएका व्यवसायीक कृषकहरुलाई यो सुविधा प्रदान गरिने छ ।

**१.२ हिउदे तथा बहु वर्षिय घांसको विउ खरिद ढूवानी तथा वितरण :**

हिउदे घासँको विउ खरिद(जै घाँसको विउ) : रु. ६०। प्रति के.जी

ढूवानी तथा प्याकेजिङ : प्रचलित स्थानिय दररेट अनुसार

बहु वर्षिय स्टाइलो, मोलासेस, ज्वाइन्ट भेच घांसको विउ खरिद: १००० प्रति के.जि ढूवानी तथा प्याकेजिं : प्रचलित स्थानिय दररेट अनुसार

डाले तथा भुईघाँ ासको वेर्ना तथा सेट्स खरिद ढूवानी तथा वितरण : प्रचलित स्थानिय दररेट अनुसार

**१.३ गाई भैसीमा कृत्रिम गर्भाधान कार्यक्रम:** नगरपालीका क्षेत्र भित्र पालन गरेका गाई भैसीहरुमा जैविक सन्तुलन कायम रहने गरि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने उद्देश्य का साथ यो कार्यक्रम सञचालनमा ल्याइएको हो । प्रचलीत नियमअनुसार तरल नाइटो ाजन कन्टेनर, तरल नाइर्टोजन, सिमेन, कृत्रिम गर्भाधान गन सिथहरु खरिद गरि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

२ ***घुम्ती पशु स्वास्थ्य शिविर संचालन***

| सि.नं | विवरण | ईकाइ | खर्च रु |
|---|---|---|---|
| १ | प्राविधिक खर्च | पटक | १५०००।०० |
| २ | व्यवस्थापन | पटक | ५०००।०० |

**३. जिवीकोपार्जन सहयोग कार्यक्रम :**

३.१ १ दिने स्थलगत तालिम : रु.५०००।०० प्रति स्थलगत तालिम

सहभागी को लागि स्टेशनरी : रु.१००।०० प्रति सहभागी

खाजा : रु. १००।०० प्रति सहभागी

प्रशिक्षण खर्च : रु. ५००।०० प्रति कक्षा

३.२. सहायक स्तर ७ दिने तालीम (प्रजनन् विकृति सम्वन्धि) १ जनालाई

सहायक स्तर कर्मचारीलाई पशु सेवा तालिम केन्द्र पोखरामा तालिम लिनको लागी प७ाउने सहभागी को दैनिक भ्रमण भत्ता को लागी प्रचलित आर्थिक ऐन नियमअनुसार खर्च गर्ने गरी कार्यक्रममा व्यवस्था गरिएको छ ।

**४. पशुपंक्षी रोग निदान उपचारका लागी औषधि** : वार्षिक रु ४०००००।००

नगरक्षेत्र भित्रका व्यवसायीक पशु पंक्षी पालन गरेका कृषकहरु, तथा अति आवश्यक पशु उपाचार सेवा, साविकका पशु सेवा केन्द्र समेतलाइ आवश्यक पर्ने औषधि, खरिद समितिको वैठकको निर्णय अनुसार खरिद गरि वितरण गर्ने । साथै औषधिहरु घुम्ती पशु स्वास्थ्य शिविर मा समेत प्रयोग गर्ने ।

**५. पशुपंक्षी विमाको लागी अनुदान कार्यक्रम:** रु २०००००।००

पशु पंक्षी विमा गर्दा कृषकले तिर्नुपर्ने प्रिमियम मध्य व्यवसायीक रुपमा पशुपंक्षी पालन गरेका कृषकहरुले विमा गरेको प्रमाणीत प्रतिलिपी पेश गरेको खण्डमा जम्मा तिर्नुपर्ने प्रिमियम को ५० प्रतिशत रकम अनुदानको रुपमा उपलब्ध गराइनेछ ।

**६. स्थानीय सुग’ुर संरक्षण कार्यक्रम:** आनुवांशिकि स्रोत संरक्षण कार्यक्रम अन्तरगत लोप हुन लागेका सुग’ुर हरुलाई बचाई राख्न तथा हाम्रो आफ्नो पहिचान लाई कायमै राख्नको लागी यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

| सि.नं | विवरण | इकाइ | खर्च |
|---|---|---|---|
| १ | समुह गठन तथा अभिमुखीकरण गोष्ठी | १ | १५०००।०० |
| २ | खोर निर्माण अनुदान | १० | ५००००।०० |
| ३ | परजिवि नियन्त्रण | १ | ५०००।०० |
| ४ | स्वाइन फिवर र खोरेत खोप | २ | १६०००।०० |

**७. माछा भुरा अनुदान कार्यक्रम:** रु ३५०००।००

नगरपालिका क्षेत्रमा व्यवसायिक रुपमा माछापालन गर्दै आएका किसानहरुलाई सम्वन्धित स्रोतवाट १००००।०० माछाका भुराहरु ख्रिद गरि ल्याई निशुल्क रुपमा वितरण गरिनेछ ।

**८.लागत सहसभागितामा च्यापकटर खरिदमा अनुदान**

व्यवसायीक रुपमा पशुपालन गरेका कृषकहरुलाई पशु आहारा व्यवस्थापन गर्नमा केहि टेवा पुगोस भन्ने उद्ेश्यका साथ पशु सेवा विभागबाट स्वीकृत कार्यविधि समेतका आधारमा ५० प्रतिशत अनुदानमा (बढीमा २००००।०० अक्षरुपी विस हजार रुपैयाँ मात्र) च्यापकटर उपलब्ध गराइनेछ ।

**९. दुग्ध संकलन केन्द्रलाई मिल्क क्यान डिफ्रीज,ल्याक्टोमिटर तथा मिल्क एनालाइजर मेसिन आदी वितरण:**

नगर क्षेत्र भित्र दुध संकलन गदै आएका संकलन केन्द्र तथा दुग्ध सहकारीहरुलाई आवश्यक पर्ने सामाग्रीहरु लगत सहभागितामा कार्यक्रममा तोकीएको वजेटको सीमाभित्र रहि खरिद गरि वितरण गर्ने ।

आज्ञाले,

छविलाल सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

**१०. मासुपसलको नियमित अनुगमन :**

नगर क्षेत्र भित्र रहेका मासु पसलहरुलाई नियमिति रुपमा व्यवस्थित गर्ने तथा मानव स्वास्थ्यमा पर्न सक्ने जोखीम न्यूनिकरण गर्ने उद्देश्यले यो कार्यक्रम ल्याइएको छ, साथै यसको खर्च प्रचलित नियमको अधिनमा रहि तपशिल अनुसार हुनेछ ।

अनुगमनमा सहभागीको पारिश्रमिक : रु. १५००।०० प्रतिदिन ।

फर्मेट तयार : रु. १०००।०० प्रतिपटक

प्रतिवेदन तयार : रु. १०००।०० प्रतिपटक

व्यवस्थापन खर्च पानी, चिया खाजा आदी : २०००।०० पटक

**११. व्यवसायीक फर्महरुको अभिलेखीकरण तथा इन्भेन्ट्ॅीः्र**

नगर क्षेत्रभित्र रहेका व्यवसायीक पशुपंक्षी फार्महरुको उत्पादन तथा पशुपंक्षीहरुको तथ्याङ्क संकलन गरि अद्यावधिक गर्ने।

यो मार्गदर्शन स्वीकृत हुनुपूर्व चालु आ.व. २०७५।०७६ मा संचालन भएका कार्यक्रमहरु यसै कार्यविधि तथा पशु सेवा विभागका कार्यविधिहरु अनुसरण गरी सोही अनुसार संचालन हुने व्यवस्था गरिनेछ । स्वीकृत कार्यक्रममा अन्य कार्यक्रमहरु थप भएमा यही मार्गदर्शन बमोजिम वा मार्गदर्शनले समावेस नगरेको हकमा मार्गदर्शनमा शंशोधन गरी कार्यक्रम कार्यान्वयन गरिने व्यवस्था गरिनेछ ।